" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, ( नेपाल)

प.सं. : २०८२/०८३

सू.नं. :

मिति : २०८२/११/२५

ने.सं.११४६ चिल्लागा ६ सोमबार

मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रवि, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

## सिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मितिः २०८२।११।२५

मिक्लाजुङ गाउँपालिकाद्धारा विभिन्न फर्म/ परामर्शदातासँग तपसिल बमोजिमका कार्य गर्नका लागि ToR/ RFP बमोजिमका कागजात सहित सिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | परामर्श प्रस्ताव नं. | विवरण | लागत रकम (मू.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | MRM/CS/01/082/83 | मिक्लाजुङ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण र कित्तागत विवरण,२०८२ (Land Use Zoning and Parcel Wise Detail of Miklajung Rural Municipality, 2082) | रु.८,८४,९५६।०० (आठ लाख चौरासी हजार नौ सय छपन्न रुपैयाँ) | |

१. सिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने परामर्शदाताहरुले लिखित निवेदन सहित नविकरण भएको फर्म/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.०८१/८२को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्ने छ।

२. प्रस्ताव पेश गर्ने परामर्शदाताले कार्यालयमा अनिवार्य सूचिकृत गर्नुपर्ने छ। सूचिकृत नभएका परामर्शदातालाई मूल्यांकन समावेश गर्न सकिने छैन। (नोटः तत्कालै सूचिकृत गरी प्रस्ताव पेश गर्न सकिनेछ)

३. BOQ मा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखेर पेश गर्नुपर्नेछ केरमेट भएको दररेट (BOQ) मूल्यांकनमा समावेश गरिने छैन।

४. TOR मा उल्लेख भए अनुसारका विज्ञहरुको CV र फर्मको कार्य अनुभव प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। उक्त कार्यको लागि आवश्यक TOR/ BOQ लगायत अन्य विषयहरु यस कार्यालयबाट प्राप्त गर्न सकिने छ। (नोटः एकै व्यक्तिको CV एक भन्दा बढी फर्मले पेश गरेमा कुनै पनि फर्ममा उक्त व्यक्तिको CV मूल्यांकनमा समावेश गरिने छैन)

५. उपरोक्त परामर्शको लागि सूचना प्रकाशित भएको मितिले १५औं दिन दिउँसो १२:०० बजे भित्र कार्यालयमा शिलबन्दी गरि आर्थिक तथा प्राविधिक दुवै प्रस्ताव एकैसाथ दर्ता गरी सक्नु पर्नेछ। रित पूर्वक दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको १:०० बजे मिक्लाजुङ गाउँपालिकाको कार्यालयमा दरभाउपत्रदाताहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ। खरिद सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।

नोटः माथि उल्लेखित कार्यका लागि आवश्यक BOQ यस गाउँपालिकाको वेभसाइट www.miklajungmunpanchthar.gov.np बाट प्राप्त गर्न सकिनेछ।

२०८२/११/२५

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत